नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

" एक अर्बको सफ्टवेयर आठ महिनामै वेकामे" शीर्षकको समाचार सम्बन्धमा स्पष्ट गरिएको ।

नागरिक दैनिकको मिति २०७४।०४।०४ वर्ष ९ अंक ८७ मा प्रकाशित "१ अर्वको सफ्टवेयर आठ महिनामै वेकामे" भन्ने समाचार प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

आ.व. २०७२।०७३ को श्रावण १ गते देखि Piloting को रुपमा सुरु गरिएको विदेश स्थित नेपाली कुटनैतिक नियोगमा संचालित RMIS Software तयार गर्दा समाचारमा उल्लेख गरिए अनुसार १ अर्व नभई जम्मा २ लाख ९५ हजार मात्र खर्च भएको हो ।

२०१७ मे १३ मा संसारभर भएको Ransomware Cyber Attack मा उक्त सफ्टवेयर समेत परेको र यथास्थीतिमा Software सञ्चालन गर्दा यस कार्यालयले संचालन गरेका TSA, नेपालमा रहेका कार्यालयहरुमा संचालित RMIS लगायत अन्य software समेत जोखिममा पर्न सक्ने हुँदा संचालित software हरुलाई सुरक्षित गर्नको लागि थप सुरक्षाका उपायहरु अवलम्बन गर्नु पर्ने भएकोले उक्त सफ्टवेयर केही समयकालागी मात्र सञ्चालन हुन नसकेको हो, software बेकामे भइ सञ्चालन हुन नसक्ने अवस्था होइन । सुरक्षाका थप उपायहरु अवलम्बन गरी निकट भविष्यमै यो सफ्टवेयर सुचारु गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

महालेखा नियन्त्रक कार्यालय